iPPAN

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल

Independent Power Producers' Association, Nepal

# News Clips

www.ippan.org.np

काठमाडौं, नेपालगञ्ज, विराटनगर, पोखरा र बुटवलबाट एकसाथ प्रकाशित

नागरिक


दैनिक

# दुई वर्षदेखि २३ अर्बको आइपिओ रोकियो

## जलविद्युत् क्षेत्रमा एक खर्ब गुमेको लगानीकर्ताको गुनासो

दिलीप पौडेल

*काठमाडौं, असोज २९*



नेपाल धितोपत्र बोर्ड (सेबोन) ले जलविद्युत् कम्पनीहरूको प्रारम्भिक सार्वजनिक निष्कासन (आइपिओ) २८ महिनादेखि रोक्दा लगानीकर्ता चिन्तित भएका छन् । करिब सवा २३ अर्ब रुपैयाँको आइपिओ रोकिँदा अर्बौं रुपैयाँ गुमाउनुपरेको लगानीकर्ताको गुनासो छ ।

सेबोनले २०८० साल जेठयता जलविद्युत् कम्पनीहरूको आइपिओ निष्कासन गरेको छैन ।

जलविद्युत् आयोजनाहरूले आइपिओ निष्कासन गर्न नपाउँदा ऊर्जा क्षेत्रले एक खर्ब आठ अर्ब रुपैयाँ गुमाएको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल इप्पानले जनाएको छ । नौ सय ७५ मेगावाटबराबरका ४३ वटा कम्पनीले आइपिओ र सात वटा कम्पनीले राइट सेयर निष्कासन गर्न कुरिरहेको इप्पानका अध्यक्ष गणेश कार्कीले बताए । '५० कम्पनीको समयमै सेयर जारी नहुँदा २३ अर्ब २७ करोडबराबरको धितोपत्र निष्कासन हुन सकेको छैन,' कार्कीले भने, 'यसकारण ऊर्जा क्षेत्रले एक खर्ब आठ अर्ब ५० करोड रुपैयाँ गुमाउनुपरेको छ ।'

इप्पानले बुधबार पत्रकार सम्मेलन गरी आइपिओ खोल्न माग गरेको छ । इप्पानले आइपिओ खोल्ने अनुमति नदिए आन्दोलन गर्ने चेतावनी पनि दिएको छ । सेबोनले भने वास्तविक नेटवर्थ ९० भन्दा बढी भएका कम्पनीलाई मात्र आइपिओ निष्कासन गर्न सार्वजनिक लेखा समितिले निर्देशन दिएकाले आइपिओ रोकेको बताउँदै आएको छ ।

नेटवर्थ ९० भन्दा माथि हुनुपर्ने कारण देखाएर आइपिओ रोक्न नमिल्ने इप्पानका महासचिव बलराम खतिवडा बताउँछन् । 'नेपालको कानुनमा समेत कहीँकतै समावेश नभएको रियल नेटवर्थ देखाइएको छ,' खतिवडाले भने, 'यस्तो अभ्यास विश्वमा कहींकतै छैन ।'

इप्पानका अनुसार समयमै आइपिओ जारी नभएका कारण १२ अर्ब ४० करोड ५४ लाख रुपैयाँ ब्याज रकम बढेको छ भने २४ अर्ब ३० करोड ६७ लाख रुपैयाँ लागत बढेको छ । इप्पानले गरेको अध्ययनमा ७१ अर्ब ७८ करोड ८१ लाख रुपैयाँ राजस्व आम्दानी गुमेको दाबी गरिएको छ ।

केही समयअघि इप्पानका प्रतिनिधिमण्डलसँगको भेटमा अर्थमन्त्री रामेश्वर खनालले जलविद्युत् कम्पनीको आइपिओ जारी गर्ने सम्बन्धमा थप कानुन नबन्दै निवेदन दिइसकेका कम्पनीको आइपिओ रोक्न नमिल्ने बताएका थिए । अर्थमन्त्री खनालले जलविद्युत् कम्पनीलाई बत्ती बलेपछि मात्रै आइपिओको अनुमति दिनु उपयुक्त हुने सुझाव विगतमा आफूले दिएको भए पनि कानुन बनेपछि मात्र त्यसो गर्नुपर्ने बताए । 'आवश्यक कानुन बनिनसकेको र अहिले प्रतिनिधिसभा विघटन भइसकेको अवस्थामा तत्काल नयाँ कानुन बन्ने वा संशोधन हुने अवस्था छैन,' खनालले भनेका थिए, 'साबिककै कानुनअनुसार सबै कम्पनीले आइपिओ जारी गर्न अनुमति पाउनुपर्छ ।'

नेटवर्थ ९० भन्दा माथि हुनुपर्ने कारण देखाएर रिचेत जलविद्युत्, बेनी हाइड्रोपावर, युनिक्यु हाइडेल, याम्बलिङ, लाफिडबुद्ध र पुवा खोला जलविद्युत् कम्पनीलाई सेबोनले आइपिओ आवेदनबाटै हटाएको छ ।

विगतमा धितोपत्र बोर्ड र इप्पानबिच जलविद्युत् क्षेत्रको विकासका लागि १२ बुँदे समझदारी भए पनि कार्यान्वयन नभएको इप्पानको दाबी छ । बत्ती नबलुन्जेल सेयरको लकिङ पिरियड नखोल्ने, राइट सेयर जारी गर्न सहायक कम्पनीले पिपिए र वित्तीय व्यवस्थापन गरिसकेको हुनुपर्ने, आइपिओ जारी गर्न ६५ प्रतिशत निर्माण पूरा भइसक्नुपर्ने विषयमा समझदारी भएको थियो । यी विषय कार्यान्वयनमा ल्याउन निजी क्षेत्रलाई सहजीकरण गर्नुपर्ने धितोपत्र बोर्डबाट जलविद्युत् कम्पनीहरूको आइपिओ निष्कासनमा रोक लगाइएपछि ऊर्जा क्षेत्र समस्यामा परेको लगानीकर्ताले बताएका छन् । धितोपत्र बोर्डमाथि विद्युत् कम्पनीहरूमा सेयर हाल्न पाउने कानुनी अधिकारसमेत वञ्चित गरेर सर्वसाधारणलाई विमुख बनाएको आरोप छ ।

ऊर्जा व्यवसायीले यस विषयमा प्रधानमन्त्रीदेखि अर्थमन्त्री, ऊर्जामन्त्री, धितोपत्र बोर्डका प्रमुख तथा प्रतिनिधिहरूको ध्यानाकर्षण गराउँदै आएका छन् । 'निजी क्षेत्रका प्रवर्धकहरूको धैर्यको बाँध फुट्ने अवस्थामा पुगिसकेको छ,' अध्यक्ष कार्कीले भने, 'अन्तिम पटक र पुनः एक पटक प्रधानमन्त्री, अर्थमन्त्री, ऊर्जा मन्त्री र धितोपत्र बोर्डका अध्यक्षको यथाशीघ्र सेयर निष्कासनका लागि ध्यानाकर्षण गराउछौं ।'

कानुनमा व्यवस्था नभएको रियल नेटवर्थलाई देखाएर आइपिओ आवेदनबाट हटाइएका कम्पनीले धितोपत्र बोर्डका अध्यक्षविरुद्ध मुद्दा दायर गर्ने जनाएका छन् । सेबोन अध्यक्षले अख्तियारको दुरुपयोग गरी आइपिओ निष्कासन रोक्दा लगानीकर्ताले गुमाउनुपरेको एक खर्ब आठ अर्ब ५० करोड रुपैयाँबराबरको क्षतिपूर्ति माग्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी गर्ने उनीहरूले बताएका छन् । दुई साताभित्र माग पूरा नभए कडा आन्दोलन गर्ने चेतावनी उनीहरूले दिएका छन् ।

*बाँकी पृष्ठ २*

## दुई वर्षदेखि २३ अर्बको आइपिओ रोकियो

**पृष्ठ १ बाट**

मुलुकमा विद्युत् उत्पादन क्षमता करिब तीन हजार सात सय मेगावाट पुगेको छ । यीमध्ये निजी क्षेत्रको मात्र करिब तीन हजार ५० मेगावाट पुगेको छ । निजी क्षेत्रले करिब पाँच हजार चार सय १६ मेगावाटका जलविद्युत् आयोजना निर्माणाधीन छन् । पिपिएका लागि नौ हजार मेगावाटका लागि आवेदन दिएका छन् । निजी क्षेत्रले जलविद्युतमा करिब १५ खर्ब रुपैयाँ लगानी गरिसकेको जनाएको छ । आगामी १० वर्षमा थप ३० खर्ब रुपैयाँ लगानी गर्ने इप्पानको दाबी छ ।

ऊर्जा व्यवसायीले ऊर्जा आयोजनाको सुरक्षा नीति निर्माणका लागि अनुरोध गर्दै विद्युत् आयोजनाको सुरक्षार्थ विशेष दस्ता निर्माणका लागि पनि अनुरोध गरेका छन् । पछिल्लो पटक जेनजीले भोटेकोसीमा १० प्रतिशत सेयर हत्याएका छन् । अन्य क्षेत्रमा पनि १० प्रतिशत निःशुल्क सेयर माग्न थालेपछि लगानीकर्ता त्रसित छन् । सुरक्षाको व्यवस्था मिलाउन पनि आग्रह गरेका छन् । सरकारले २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादनको लक्ष्य लिएको छ । सरकारले लिएको लक्ष्य हासिल गर्नका लागि निजी क्षेत्रले ढुक्कसँग लगानी गर्ने वातावरण निर्माणका लागि आग्रह गरेका छन् ।

हाम्रो गौरव, राष्ट्रको पत्रिका
गोरखापत्र
सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।
gorkhapatraonline.com

# भर्चुअल आन्दोलन गर्ने इप्पानको चेतावनी



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असोज २९ गते*

जलविद्युत् आयोजनाको साधारण सेयर जारी गर्न प्रक्रियामा लामो समयदेखि ढिलाइ गरेको भन्दै स्वतन्त्र ऊर्जा उत्पादकको संस्था इप्पान नेपालले कडा आन्दोलन गर्ने १५ दिने अल्टिमेटम दिएको छ।

मङ्गलबार काठमाडौँमा आयोजित पत्रकार सम्मेलनमा इप्पानले ऊर्जा उद्यमीको धैर्यको बाँध टुट्ने अवस्थामा पुगेको भन्दै सरकार तथा नियामकीय निकायविरुद्ध आन्दोलनमा उत्रने चेतावनी दिएको छ।

धितोपत्र बोर्डले २८ महिनादेखि साधारण तथा हकप्रद सेयर निष्कासन प्रक्रिया रोकिएको भन्दै इप्पानका अध्यक्ष गणेश कार्कीले निजी क्षेत्रका लगानीकर्ता गम्भीर रूपमा निरुत्साहित बनेको बताउनुभयो।

"प्रधानमन्त्रीदेखि अर्थमन्त्री, ऊर्जामन्त्री, धितोपत्र बोर्डका अध्यक्षलगायत उच्च पदाधिकारीसँग निरन्तर भेटघाट र पत्राचार गर्दा पनि सुनुवाइ भएन," उहाँले भन्नुभयो, "अब आन्दोलनमा जानुपर्ने अन्तिम विकल्पमा आइपुगेका छौँ। १५ दिनपछि भौतिक तथा भर्चुअल आन्दोलन गर्ने छौँ।"

'रियल नेटवर्थ' को कारण देखाएर आइपिओ आवेदन अस्वीकृत गरिएको भन्दै इप्पानले धितोपत्र बोर्डका अध्यक्षविरुद्ध मुद्दा दायर गर्ने पनि बताएको छ। सात दिनभन्दा बढी सेवा ढिलाइ अख्तियार दुरुपयोग मानिने भएकाले लगानीकर्ताले गुमाएको अनुमानित एक खर्ब आठ अर्ब ५० करोड बराबरको क्षतिपूर्ति माग गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी दिने चेतावनी कार्कीको छ। त्यसै गरी कानुनी व्यवस्था नभएको निःशुल्क सेयरको मागका कारण निजी लगानीमा निराशा बढेको र आयोजनाको निर्माणमा अवरोध सिर्जना भइरहेको इप्पानको भनाइ छ।

karobar
1st National Economic Daily
नेपालमा सर्वाधिक पढिने पहिलो राष्ट्रिय आर्थिक दैनिक
कारोबार

# ५० कम्पनीको सेयर जारीमा उल्झन, संकटतर्फ ऊर्जा क्षेत्र

कारोबार संवाददाता

काठमाडौं- गएको २८ महिना (२०८० जेठपछि) जलविद्युत कम्पनीहरुको प्रारम्भिक सार्वजनिक निष्काशन (आईपीओ) करिब ठप्प छ । यसले समग्र ऊर्जा क्षेत्र नै संकटउन्मुख बनाएको भन्दै ऊर्जा उद्यमीहरुले बुधवार पत्रकार सम्मेलन गरेर गम्भिर चिन्ता व्यक्त गरेका छन् ।

ढिलाइका कारण लगानीकर्ता धितोपत्र बोर्डसँग आक्रोशित छन् । राज्यका सवै निकायलाई जानकारी गराउँदा पनि हालसम्म सुनुवाइ नभएकोले निजी क्षेत्रका प्रवर्द्धकहरुको धैर्यताको बाँध फुट्ने अवस्थामा पुगिसकेको उनीहरुको भनाइ छ ।

अहिलेसम्म ९७५ मेगावाट बराबरका ४३ कम्पनीले आईपीओ निष्काशन कुरिरहेका छन् । त्यस्तै, सात कम्पनीको राइट सेयर निष्काशन कुरिरहेका गरी कुल ५० कम्पनीको सेयर जारी हुन सकेको छैन ।

समयमा सेयर जारी नहुँदा २३ अर्ब २७ करोड ८ लाख बराबरको धितोपत्र निष्काशन हुन नसकेको स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था (इप्पान) ले जनाएको छ । निष्काशनमा भएको ढिलाइबाट ऊर्जा क्षेत्रले १ खर्ब ८ अर्ब ५० करोड रुपैयाँ गुमाउनुपरेको इप्पानका अध्यक्ष गणेश कार्कीले बताए । 'समयमै सेयर जारी नभएका कारण १२ अर्ब ४० करोड ५४ लाख रुपैयाँ ब्याज रकम बढेको छ भने २४ अर्ब ३० करोड ६७ लाख रुपैयाँ लागत बढेको छ । यसैगरी ७१ अर्ब ७८ करोड ८१ लाख रुपैयाँ राजस्व आम्दानी गुमेको छ,' उनले भने । यो तथ्यांक इप्पानले गरेको अध्ययनले देखाएको हो ।

ऊर्जा उत्पादकहरुले २४ भदौ २०८० मा धितोपत्र बोर्ड र इप्पानबीच संस्थागत सुशासन अभिवृद्धि गर्ने, ऊर्जा क्षेत्रलाई अझ व्यवस्थित गर्ने विषयमा १२ बुँदे समझदारी विपरित बोर्डले व्यवहार गरिरहेको जानकारी गराएका छन् ।

समझदारी अनुसार बत्ती नबलुञ्जेलसम्म सेयरको लकिङ पिरियड नखोलिने, राइट सेयर जारी गर्नका लागि सहायक कम्पनीले पीपीए र वित्तीय व्यवस्थापन गरिसकेको हुनुपर्ने, आईपीओ जारी गर्नका लागि ६५ प्रतिशत निर्माण पूरा भइसक्नुपर्ने जस्ता विषय राखिएको छ । तर, निजी क्षेत्रलाई सहजीकरण गर्नुपर्ने धितोपत्र बोर्डबाट जलविद्युत कम्पनीहरुको धितोपत्र निष्काशन तथा बिक्रीमा भएको ढिलाइले ऊर्जा विकास र विस्तारमा गम्भीर असर पर्ने अवस्था सिर्जना हुँदै गएको इप्पानको ठहर छ ।

त्यस्तै, ऊर्जा उद्यमीहरुले विद्युत उत्पादनपछि मात्रै आईपीओ जारी गर्ने विषयमा विरोध जनाएका छन् । यो विषय कानुनविपरीत भएको उनीहरुको भनाइ छ । आयोजनाको निर्माणमा धेरै ठूलो रकम लगानी चाहिने, कानुनले स्थानीयलाई अनिवार्य रुपमा सेयर दिनुपर्ने व्यवस्था गरेको छ । निर्माणाधीन परियोजनाको हकमा (प्रसारण लाइन सहित), निर्माणको भौतिक र वित्तीय प्रगतिको कम्तिमा ५० प्रतिशत पूरा भएको हुनुपर्ने व्यवस्था छ । बैंक तथा वित्तीय संस्थाको परामर्शदाताबाट प्रमाणित भएको हुनुपर्ने उल्लेख भएकोले प्रवर्द्धकले लागत कम गर्न वित्तीय व्यवस्थापन गर्दा नै आईपीओबाट आउने रकमलाई समेत स्वपुँजीमा देखाएर वित्तीय संस्थाबाट ऋण लिएका हुन्छन् । यसको विपरीत जाने हो भने निर्माणाधीन ५ हजार मेगावाटभन्दा बढी क्षमता बराबर आयोजनाका प्रवर्द्धक कम्पनीले समयमै आईपीओ ल्याउन नपाउने अवस्था सिर्जना हुनेछ ।

अर्कोतर्फ बैंकहरुले आईपीओ मार्फत आउने रकमको संकलन भएको विवरण खोज्न थाल्ने अध्यक्ष कार्कीको भनाइ छ । यसले आयोजनाको निर्माणमा आर्थिक व्यवस्थापनको नयाँ समस्या सिर्जना हुने इप्पानले जनाएको छ ।

यसअघि ठूलो रकम लगानी हुने भएकोले ऊर्जा आयोजनाले निर्माणाधीन अवस्थामै स्थानीय र सर्वसाधारणलाई सेयर जारी गर्नैपर्ने कानुनी व्यवस्था छ । तर, उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदनमा 'जलविद्युत कम्पनीले उत्पादन सुरु गरेपछि मात्रै प्राथमिक निष्काशन गर्न पाउने व्यवस्था गर्नुपर्ने' उल्लेख गरेको छ । त्यसकै आधारमा धितोपत्र बोर्डले विना कानुनी आधार विद्युत उत्पादन सुरु नगरेसम्म आईपीओको निवेदन नै नलिने नीति लिएको ऊर्जा उत्पादकहरुको आरोप छ ।

'यस्तो नीति लिनुलाई गलत र अदूरदर्शी निर्णयको रुपमा हामीले लिएका छौं,' इप्पान अध्यक्ष कार्कीले भने ।

(बाँकी पृष्ठ २ मा)

## ध्यानाकर्षणदेखि मुद्दा हाल्नेसम्मको कार्यक्रम

इप्पानले समग्र ऊर्जा उद्यमीले भोगिरहेका समस्या समाधानका लागि ध्यानाकर्षण गर्नेदेखि मुद्दा हाल्नेसम्मको कार्यक्रम तय गरेको छ । पत्रकार सम्मेलनमार्फत इप्पानले अन्तिम पटक र पुनः एकपल्ट प्रधानमन्त्री, अर्थमन्त्री, ऊर्जामन्त्री र धितोपत्र बोर्डका अध्यक्षलाई यथाशिघ्र सेयर निष्काशनका लागि ध्यानाकर्षण गराउने भएका छन् । त्यस्तै, कानुनमा समेत व्यवस्था नभएको रियल नेटवर्थलाई देखाएर आईपीओ आवेदनबाट हटाइएका कम्पनीले धितोपत्र बोर्डका अध्यक्षविरुद्ध मुद्दा दायर गर्ने भएका छन् । सात दिनभन्दा बढी सेवा प्रवाहमा ढिलाइ गर्नु अख्तियारको दुरुपयोग मानिने भएकोले समयमै सेयर निष्काशन नगर्दा लगानीकर्ताले गुमाउनु परेको क्षतिपूर्ति माग्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी दिने तयारी छ । १५ दिनसम्म पनि माग पूरा नभएमा कडा (भर्चुअल र भौतिक दुवै) आन्दोलन थाल्ने इप्पानका उपमहासचिव प्रकाश दुलालले बताए ।

यसैगरी कानुनमा व्यवस्था नभएको निःशुल्क सेयर मागेर आयोजनालाई अवरोध गर्ने परिस्थितिमा विद्युत आयोजनाहरुको सुरक्षाका लागि प्रधानमन्त्री, गृहमन्त्री र ऊर्जामन्त्रीका साथै सुरक्षा निकायका प्रमुख तथा स्थानीय पालिकाका प्रमुखहरुको ध्यानाकर्षण गराउने भएको छ । सरकारलाई ऊर्जा आयोजनाको सुरक्षा नीति निर्माणका लागि अनुरोध गर्दै विद्युत आयोजनाको सुरक्षार्थ विशेष दस्ता निर्माणका लागि अनुरोध गर्ने इप्पानको तयारी छ । प्रत्येक आयोजनाहरुलाई सुरक्षा कायम हुने गरी सुरक्षाकर्मी व्यवस्थापनका लागि गृह मन्त्रालय, रक्षा मन्त्रालय, स्थानीय पालिका लगायतका सम्बन्धित निकायमा अनुरोध गरिनेछ ।

मध्यान्ह
राष्ट्रिय दैनिक

## धितोपत्र बोर्ड र इप्पानबीच विवाद

# सेयर निष्कासनमा ढिलाइ गरे आन्दोलनमा जाने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ असोज

स्वतन्त्र ऊर्जा उत्पादकको संस्था नेपाल (इप्पान)ले धितोपत्र बोर्डद्वारा जलविद्युत् कम्पनीको आइपिओ र हकप्रद सेयर निष्कासनमा भएको ढिलाइले निजी क्षेत्रका लगानीकर्ता निरुत्साहित भएको उल्लेख गर्दै तत्काल समस्या समाधान गर्न सरकारसँग आग्रह गरेको छ।

बुधबार आयोजित पत्रकार सम्मेलनमा इप्पानले विगत २८ महिनादेखि धितोपत्र बोर्डले जलविद्युत् कम्पनीका सेयर निष्कासनमा गरेको ढिलाइले ऊर्जा क्षेत्रको विकासमा गम्भीर असर परेको दाबीसमेत गरेको छ।

इप्पानका अध्यक्ष गणेश कार्कीले हालसम्म ९ सय ७५ मेगावाट बराबरका कुल ४३ कम्पनीको आइपिओ र सातवटा कम्पनीको हकप्रद सेयर निष्कासन गरी कुल २३ अर्ब २७ करोड ८ लाखबराबरको धितोपत्र निष्कासन हुन नसकेको बताए।

‘आइपिओ र हकप्रद सेयर निष्कासन नहुँदा ऊर्जा क्षेत्रले १ खर्ब ८ अर्ब ५० करोड गुमाउनुपरेको छ, समयमै जारी नभएको कारण १२ अर्ब ४० करोड ५४ लाख ब्याज रकम बढेको छ भने २४



अर्ब ३० करोड ६७ लाख लागत बढेको छ, साथै, ७१ अर्ब ७८ करोड ८१ लाख राजस्व आम्दानी गुमेको छ,’ उनले भने।

यसका साथै उनले रियल नेटवर्थ भन्ने शब्द र त्यस्तो नेटवर्थ ९० भन्दा माथि हुनुपर्ने कारण देखाएर रिचेत जलविद्युत्, बेनी हाइड्रोपावर, युनिक्यु हाइडेल, याम्बलिङ, लाफिङबुद्ध र पुवा खोला जलविद्युत् कम्पनीलाई आइपिओ आवेदनबाटै हटाइएकामा समेत उनले असहमति जनाए।

इप्पानले धितोपत्र बोर्डले हाल ‘रियल नेटवर्थ’ भन्ने नयाँ अवधारणा प्रयोग गरी केही कम्पनीलाई आवेदनबाट हटाएको विषय कानुनमा आधारित नभएको बताएको छ। इप्पानले ऊर्जा आयोजनाले उत्पादन सुरु गरेपछि मात्रै आइपिओ निष्कासन गर्न पाउने भन्ने धितोपत्र बोर्डको नीति अदूरदर्शी रहेको बताएको छ। निर्माणाधीन अवस्थामा रहेका परियोजनामा ठुलो लगानी आवश्यक हुने भएकाले निर्माणकै क्रममा सेयर निष्कासन गर्न पाउने कानुनी व्यवस्था रहेको इप्पानको दाबी छ।

‘आइपिओबाट आउने रकमलाई प्रवर्धकले स्वपुँजीका रूपमा देखाएर वित्तीय संस्थाबाट ऋण लिने गरेका छन्, महासचिव बलराम खतिवडाले भने, ‘तर नयाँ नीतिले यस्तो आयोजना वित्तीय संकटमा पार्ने खतरा बढेको छ।’ इप्पानले हाल देशका विभिन्न जिल्लामा १० प्रतिशत निःशुल्क सेयर माग्दै आयोजना अवरोध गर्न थालेको घटनाप्रति चिन्ता व्यक्त गरेको छ। भोटेकोशी जलविद्युत् आयोजनामा स्थानीयले निःशुल्क सेयर माग गर्दै एक महिना दुई दिनसम्म विद्युत् उत्पादन रोक्दा ३२ करोडबराबरको क्षति भएको उदाहरण दिँदै इप्पानले यस्तो गैरकानुनी मागले ऊर्जा लगानीमै संकट ल्याउने चेतावनी दिएको छ। भोटेकोशी कम्पनीले निःशुल्क सेयर दिने सहमति नगरेको र केवल सेयर खरिदका लागि कानुनी सहमति मात्र भएको इप्पानले स्पष्ट पारेको छ।

इप्पानले आफ्ना माग तुरुन्त सम्बोधन नभए प्रधानमन्त्री, अर्थमन्त्री, ऊर्जामन्त्री र धितोपत्र बोर्डका अध्यक्षलाई ध्यानाकर्षण गराउने तयारी भइरहेकोसमेत जनाएको छ। ‘रियल नेटवर्थ’का आधारमा आवेदन हटाइएका कम्पनीले धितोपत्र बोर्ड अध्यक्षविरुद्ध मुद्दा दायर गर्ने, लगानीकर्ताको १ खर्ब ८ अर्ब ५० करोडबराबरको क्षतिपूर्ति माग्दै अख्तियारमा उजुरी गर्ने, माग नमानिएमा १५ दिनभित्र कडा आन्दोलन सुरु गर्ने इप्पानको तयारी छ।

# शेयर निष्कासन अनुमति नदिए धितोपत्र बोर्डमा तालाबन्दी गर्ने ऊर्जा उद्यमीहरूको चेतावनी

**धना ढकाल**
**काठमाडौं, असोज २९**

ऊर्जा उद्यमीहरूले नेपाल धितोपत्र बोर्डले २८ महिनादेखि पालो कुरिरहेका जलविद्युत् कम्पनीलाई तत्काल साधारण शेयर र हकप्रद शेयर निष्कासनको अनुमति नदिए आन्दोलनमा उत्रिने चेतावनी दिएका छन्। उनीहरूले कानूनी प्रक्रिया पूरा गरेका र नियम पुगेका जलविद्युत् कम्पनीलाई अब पनि साधारण र हकप्रद शेयर निष्कासनको अनुमति नदिने हो भने आयोजना बन्द गर्नेदेखि नेपाल धितोपत्र बोर्डको कार्यालयमा तालाबन्दी गरेर आन्दोलनमा उत्रिने चेतावनी दिएका हुन्।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले बुधबार राजधानीमा आयोजना गरेको पत्रकार सम्मेलनमा ऊर्जा उत्पादकहरूले बोर्डले कानून विपरीत विभिन्न कारण देखाएर विगत २८ महिनादेखि जलविद्युत् कम्पनीहरूको शेयर निष्कासन रोकेको उनीहरूको आरोप छ। उनीहरूले अब अन्तिम पटक प्रधानमन्त्रीदेखि ऊर्जा मन्त्रीसम्म सबैलाई पत्र पठाएर साधारण शेयर र हकप्रद शेयर निष्कासनको अनुमतिका लागि धितोपत्र बोर्ड (सेबोन)लाई निर्देशन दिएर सहजीकरण गरिदिन आग्रह गर्ने र त्यसपछि पनि कुनै काम नभए क्षतिपूर्ति दाबीसहित अदालतमा मुद्दा दायर गरेर अगाडि बढ्ने निर्णयमा पुग्ने उनीहरूले बताए। अबको १५ दिनसम्म आफुहरूको माग पूरा नभए कडा आन्दोलनमा उत्रिने उनीहरूको चेतावनी छ।

इप्पानका अध्यक्ष गणेश कार्कीले नयाँ अध्यक्ष सन्तोष नारायण श्रेष्ठ आएको १० महिना बितिसक्दा पनि केही नगरेको बताए। 'जलविद्युत् कम्पनीको साधारण शेयर निष्कासन रोकिँदा बिचौलियाहरू पनि सम्पर्कमा आउन थालेकाले लगानीकर्तामा त्राश बढेको छ,' उनले भने, 'कमिशन माग्नकै लागि प्रक्रिया पुगेका आयोजनालाई पनि शेयर निष्कासनको अनुमति नदिइ प्रवर्धक को को छन्? भनेर सेबोन नेतृत्वले नै खोज्न थालेकाले आतंकको वातावरण सृजना भएको छ।' उनले पुरानो सरकारदेखि जेनजी आन्दोलनपछि बनेको नयाँ सरकारका प्रधानमन्त्री, गृहमन्त्री, अर्थमन्त्रीदेखि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रीसम्मलाई सेबोनले शेयर निष्कासन रोकेको विषय अवगत गराउँदा समेत सुनुवाई नभएपछि अब आन्दोलनमा जानुको विकल्प नभएको बताए। उनले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सेबोनले जलविद्युत् उद्यमीहरूसँग गरिरहेको व्यवहारका बारेमा जानकारी गराउँदा पनि समस्या समाधान हुन नसकेको जिकिर गरे।

'हामीले सरकारका सबै निकायमा गएर ऊर्जा उत्पादकहरूका समस्या अवगत गराइसकेका छौं, तर सुनुवाई अझै भएको छैन। के सेबोन अब अख्तियार भन्दा शक्तिशाली भएको हो,' उनले प्रश्न गरे। उनले साधारण शेयर निष्कासनको पालो कुरिरहेका ७ वटा जलविद्युत् कम्पनीलाई सेबोनले सूचीबाट हटाएको बताए।

'सेबोनले सूचीबाट हटाएका मध्ये केही कम्पनीका आयोजना प्रतिमेगावाट २० करोड रुपैयाँभन्दा कम लागतमा निर्माण भएका छन्,' उनले भने, 'तर, प्रतिमेगावाट ३० करोड रुपैयाँ भन्दा बढी लागतका आयोजना बनाउने प्रवर्धक कम्पनीलाई भने पहुँचको आधारमा अनुमति दिइएको छ। के आजको दिनमा पनि सेबोन बिचौलियाको पछि लाग्नु पर्ने हो त?' लामो समयसम्म शेयर निष्कासनको अनुमति नपाएकै कारण स्थानीबासीले निर्माणाधीन जलविद्युत् आयोजनामा अवरोध गर्न थालेको बताउँदै उनले भोलिको दिनमा तोडफोडका घटना भएमा यसको जिम्मेवारी सरकारले लिनुपर्ने बताए। सेबोनले जलविद्युत् कम्पनीको शेयर निष्कासन रोकेकै कारण निर्माणाधीन धेरै जलविद्युत् आयोजनालाई 'क्यास फ्लो' को समस्या देखिएको छ।

इप्पानका वरिष्ठ उपाध्यक्ष मोहन डाँगीले शेयर निष्कासनमा गरिएको अवरोधकै कारण प्रवर्धकहरूले आयोजना निर्माण गर्दा लिएको ऋणको १० अर्ब रुपैयाँ भन्दा बढी थपिएको ब्याज मात्रै तिर्नु परेको बताए। उपाध्यक्ष उत्तम भ्लोन लामाले सेबोनले अघि सारेका अधिकांश विषयमा सहमति गरेर जान समन्वय गर्दासमेत प्रक्रिया पुगेका कम्पनीको शेयर निष्कासन रोकिएकाले अब विद्युत् गृहको उत्पादन बन्द गरेर आन्दोलनमा जानेसम्मको निर्णय ऊर्जा उत्पादकहरूले लिने बताए।

'हामीले हरेक पटक सहज ढंगले समन्वयन गरेर जान चाह्यौं। तत्कालिन संसद्को अर्थसमितिले पनि जलविद्युत् कम्पनीहरूलाई शेयर निष्कासनको अनुमति दिनु भनेर सेबोनलाई निर्देशन दिएको हो। अहिलेको नयाँ सरकारले समेत शेयर निष्कासन रोक्नु हुँदैन भनेको छ। त्यसकारण, अब पनि सेबोनले प्रक्रिया रोक्छ भने सुख्खा याम सुरु हुँदैछ, हाम्रा जलविद्युत्गृह बन्द गरेर आन्दोनमा उत्रिन्छौं,' उनले भने।

महासचिव बलराम खतिवडाले २०८० साल जेठदेखि निजी लगानीका जलविद्युत् कम्पनीले शेयर निष्कासनको अनुमति नपाउँदा ठूलो आर्थिक नोक्सानी बेहोर्नुपरेको बताए। उनले शेयर निष्कासन रोकिएका निर्माणाधीन जलविद्युत् आयोजनामा हालैको बाढीले समेत ठूलो क्षति पुगेकाले यी आयोजनाले आर्थिक अभाव झेलिरहेको बताए।

उपमहासचिव प्रकाश दुलालले सेबोनकै कारण अधिकांश जलविद्युत् कम्पनीले शेयर निष्कासन गर्न नपाउँदा आयोजनामा नै ताला लाग्ने अवस्था आउन लागेको बताए। उनले ऊर्जा उद्यमीसँग कमिसन माग्न एजेन्ट पठाएको कुरा सार्वजनिक हुँदा सेबोन नेतृत्वबाट धम्की आएको बताए।

उनले वर्तमान सरकारले तत्कालै सेबोन अध्यक्षलाई बर्खास्त गर्नुपर्ने मागसमेत गरे। 'सेबोनले पठाएका एजेन्टहरूले ऊर्जा उद्यमीहरूसँग कमिसन दिए शेयर निष्कासनका लागि अनुमति दिलाइदिने भने, यही कुरा हामीले सार्वजनिक गर्दा धम्की आयो,' उनले, 'श्रेष्ठ ऊर्जा उद्यमीसँग पैसा उठाउनकै लागि त्यो पदमा रहेकाले राजिनामा दिएर जाँदैनन्। त्यसकारण पनि सरकारले नै बर्खास्त गर्नुपर्छ।'

अहिले राष्ट्रिय प्रसारण प्रणालीमा निजी क्षेत्रले ३ हजार ५० मेगावाट विद्युत् योगदान गरिरहेको छ। ५ हजार ४ यस १६ मेगावाटका आयोजना निर्माणाधीन छन्। करिब ९ हजार मेगावाटका आयोजना विद्युत् खरिद सम्झौता (पीपीए) को पालो कुरिरहेका छन्। थप १२ हजार मेगावाटका आयोजना अध्ययनको विभिन्न चरणमा छन्। निजी क्षेत्रले अहिलेसम्म जलविद्युत् क्षेत्रमा १५ खर्ब रुपैयाँ लगानी गरिसकेको छ भने अबको १० वर्षमा थप ३० खर्ब रुपैयाँ लगानी गर्ने योजना छ। यो अवस्थामा नियामक निकायले साधारण शेयर र हकप्रद शेयर निष्कासमा भइरहेको ढिलाइले जलविद्युत् क्षेत्रमा हुने लगानी जोखिम बढ्ने ऊर्जा उद्यमीहरूको भनाइ छ।

### दोहोरो आइजीन नम्बर मान्य नहुने

सिडिएस एण्ड क्लियरिङ लिमीटेड (सीडीएससी) ले सर्वसाधारण र प्रवर्धकहरूलाई छुट्टाछुट्टै इन्टरनेशनल सेक्युरिटिज् आइडेन्टिफिकेशन नम्बर (आइजीन) दिने भन्दै सार्वजनिक निष्काशन गरिसकेका जलविद्युत् कम्पनीको शेयर समेत ८ महिनादेखि नेप्सेमा सूचीकृत नगरिदिएको ऊर्जा उत्पादकहरूको आरोप छ।

प्रवर्धक र सर्वसाधारणले धारण गर्ने शेयर एउटै हुने हुँदा विश्वमा कहीं कतै एउटै शेयरको दुईथरी आइजीन नम्बर नहुने पनि इप्पानले स्पष्ट पारेको छ। नेपालमा बैंक तथा वित्तिय संस्थामा दोहोरो आइजीन नम्बर दिइएकोमा यसलाई पनि एकल आइजीन नम्बरमै लैजाने तयारी भइरहेको बेला सिडिएससीले स्वदेशी तथा विदेशी लगानी भएका कम्पनीका प्रवर्धकलाई निराश बनाउने गरी दोहोरो आइजीनको प्रस्ताव गरेकोले यसले स्वदेशी मात्र नभएर गैर आवासीय नेपाली तथा अन्तर्राष्ट्रिय लगानीकर्ताले समेत लगानी नगर्ने वातावरण सिर्जना भएको इप्पनको भनाइ छ।

ऊर्जामा संस्थागत लगानी बढ्दो क्रममा रहेको र स्वदेशी लगानीमै ठूला ठूला आयोजना निर्माणका लागि प्रक्रिया अघि बढीरहेको बेला यस्तो व्यवस्था कार्यान्वयन नगर्न धितोपत्र बोर्डसँग इप्पानले आग्रह गरेको छ।



## २३ अर्ब २७ करोडको आईपीओ रोकियो

नेपाल धितोपत्र बोर्डले २०८० जेठपछि नियमितरूपमा जलविद्युत् कम्पनीहरूलाई साधारण तथा हकप्रद शेयर निष्कासनको अनुमति दिएको छैन। यो अवधिमा पहुँचका आधारमा केही जलविद्युत् कम्पनीले शेयर निष्कासनको अनुमति पाए। तर उनीहरूभन्दा अघि आवेदन दिने अधिकांश जलविद्युत् कम्पनीले अनुमति नै पाएका छैनन्।

इप्पानका अनुसार सेबोनले विगत २८ महिनादेखि पालो कुरिरहेका ९७५ मेगावाटका ४३ जलविद्युत् कम्पनीको साधारण शेयर निष्कासन (आईपीओ)को अनुमति रोकेको छ। सात वटा जलविद्युत् कम्पनीको हकप्रद शेयरको अनुमति रोकेको छ। साधारण र हकप्रद शेयर निष्कासन लामो समय रोकिँदा ५० जलविद्युत् कम्पनीको २३ अर्ब २७ करोड ८ लाख रुपैयाँ होल्ड भएको छ। यी जलविद्युत् कम्पनीले समयमा शेयर निष्कासन गर्न नपाउँदा १ खर्ब ८ अर्ब ५० करोड रुपैयाँ गुमाउनुपरेको तथा ढिलाइकै कारण १२ अर्ब ४० करोड ५४ लाख रुपैयाँ ब्याज रकम बढेको इप्पानले जनाएको छ।

इप्पानका अनुसार शेयर निष्कासनमा भएको ढिलाइकै कारण जलविद्युत् कम्पनीका निर्माणाधीन आयोजनाको २४ अर्ब ३० करोड ६७ लाख रुपैयाँ लागत बढेको छ। ७१ अर्ब ७८ करोड ८१ लाख रुपैयाँ राजस्व आम्दानी गुमेको इप्पानले जनाएको छ।

सेबोनले शेयर निष्कासनको अनुमतिका लागि आवेदन दिएका रिचेत, बेनी हाइड्रोपावर, युनिक्यू हाईडेल, याम्बलिङ, लाफिङबुद्ध र पुवा खोला जलविद्युत् कम्पनीलाई आवेदनको सूचीबाट हटाएको छ। कानूनमा समेत व्यवस्था नभएको रियल नेटवर्थलाई देखाएर आईपीओ आवेदनबाट हटाइएका यी कम्पनी धितोपत्र बोर्डका अध्यक्षविरुद्ध मुद्दा दायर गर्ने तयारीमा छन्। साधारण शेयर र हकप्रद शेयर निष्काशनमा भएको ढिलाइले निजी क्षेत्रका लगानीकर्तालाई निरुत्साहित बनाएको छ। प्रधानमन्त्रीदेखि अर्थमन्त्री, ऊर्जामन्त्री, धितोपत्र बोर्डका प्रमुख तथा प्रतिनिधिहरूसँग भेटघाट तथा पत्राचार गरी ध्यानाकर्षण गराउँदा पनि हालसम्म सुनुवाइ नभएकाले ऊर्जा उद्यमीहरूको धैर्यताको बाँध फुट्ने अवस्थामा पुगिसकेको इप्पानको भनाइ छ। सात दिनभन्दा बढी सेवा प्रवाहमा ढिलाई गर्नु अख्तियारको दुरुपयोग मानिने भएकोले समयमै सेयर निष्काशन नगर्दा लगानीकर्ताले गुमाउनु परेको १ खर्ब ८ अर्ब ५० करोड रुपैयाँ बराबरको क्षतिपुर्ति माग्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी दिने तयारी पनि ऊर्जा उद्यमीहरूले गरेका छन्।

वर्ष २० | अंक २८९ | काठमाडौं | मंगलवार, २७ साउन २०८२ | Tuesday, 12 August 2025 | पृष्ठ ८ | मूल्य रू. १०

आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

### जलविद्युत् कम्पनीको धितोपत्र निष्कासन अनुमतिमा ढिलाइ

# १ खर्ब ८ अर्ब रुपैयाँ क्षति : इप्पान

**प्रशान्त खड्का**

काठमाडौं

प्रारम्भिक सार्वजनिक निष्कासन (आईपीओ) अनुमतिका लागि आवेदन दिएका अधिकांश जलविद्युत् कम्पनीले स्वीकृति नपाउँदा १ खर्ब ८ अर्ब रुपैयाँ क्षति भएको निजीक्षेत्रका ऊर्जा उद्यमीले दाबी गरेका छन् । हाल विघटित प्रतिनिधिसभाअन्तर्गतको सार्वजनिक लेखा समितिको निर्देशन देखाउँदै बोर्डले प्रतिशेयर नेटवर्थ ९० रुपैयाँभन्दा कम भएका कम्पनीलाई आईपीओ अनुमति दिएको छैन ।

हालसम्म ९७५ मेगावाट उत्पादन क्षमताका ४३ कम्पनीले आईपीओ र ७ कम्पनीले हकप्रद शेयर निष्कासन अनुमति कुरिरहेका छन् । यी समेत ५० कम्पनीको २३ अर्ब २७ करोड ८ लाख रुपैयाँ बराबरको धितोपत्र निष्कासन हुन नसकेको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) ले बताएको छ ।

इप्पानले बुधवार काठमाडौंमा पत्रकार सम्मेलन गरी समयमै शेयर निष्कासन गर्न नपाएका कारण १२ अर्ब ४० करोड ५४ लाख रुपैयाँ ब्याज रकम बढेको दाबी गर्‍यो । सोही कारण ती आयोजनाको २४ अर्ब ३० करोड ६७ लाख रुपैयाँ लागत बढेको र ७१ अर्ब ७८ करोड ८१ लाख रुपैयाँ राजस्व आम्दानी गुमेको जानकारी इप्पानको भनाइ छ ।

विश्वमा कहीँ कतै अभ्यास नभएको र नेपालको कानूनमा समेत कहीँ उल्लेख नभएको रियल नेटवर्थ भन्ने शब्द र त्यस्तो नेटवर्थ ९० भन्दा माथि हुनुपर्ने कारण देखाएर जलविद्युत् कम्पनीलाई आईपीओ आवेदकको सूचीबाटै हटाइएकोप्रति इप्पानले आपत्ति व्यक्त गरेको छ । बोर्डले रिचेत जलविद्युत्, बेनी हाइड्रोपावर, युनिक हाइडेल, याम्बलिङ, लाफिङ बुद्ध र पुवा खोला जलविद्युत् कम्पनीलाई आईपीओ आवेदकको सूचीबाटै हटाइएको हो ।

यसले समग्र ऊर्जा विकासमा गम्भीर समस्या देखिन थालेको इप्पानका अध्यक्ष गणेश कार्कीले बताए । यसबारेमा कडा असन्तुष्टि जनाउँदै उनले अब कानूनी तथा आन्दोलनको बाटो रोज्नुपर्ने अवस्था आएको बताए । उनले धितोपत्र बोर्डको ढिलासुस्ती, बिचौलियाको प्रभाव र सरकारी निर्णय प्रक्रियामा पारदर्शिताको अभावले निजीक्षेत्रको विश्वास कमजोर भएकाले अब सरकारले स्पष्ट निर्णय गर्नुपर्ने बताए । 'अब पनि सुनुवाइ भएन भने अदालत र अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा मुद्दा दायर गर्ने तथा शान्तिपूर्ण आन्दोलनमा जाने चेतावनी दिन चाहन्छौं,' कार्कीले भने ।

हाल विद्युत् उत्पादनको जडितक्षमता करीब ३ हजार ७०० मेगावाट पुग्दा निजीक्षेत्रबाट निर्माण भएका आयोजनाको क्षमता ३ हजार ५० मेगावाट पुगेको छ । निजीक्षेत्रबाट ५ हजार ४१६ मेगावाट क्षमताका आयोजना निर्माणाधीन छन् ।

यसका अलावा विद्युत् खरीद सम्झौता (पीपीए) का लागि आवेदन गरेको करीब ९ हजार मेगावाटका परियोजना छन् । सम्भाव्यता अध्ययनको क्रममा रहेका १२ हजार मेगावाटका आयोजना छन् । निर्माण सम्पन्न, निर्माणाधीन र निर्माणमा जान लागेका आयोजनामा निजीक्षेत्रको लगानी करीब १५ खर्ब रुपैयाँ पुगिसकेको र आगामी १० वर्षमा थप ३० खर्ब रुपैयाँ लगानी हुने बताइएको छ ।

#### आन्दोलनको चेतावनी

इप्पानले शेयर निष्कासन अनुमतिमा भएको ढिलाइलाई लिएर आन्दोलनको चेतावनी दिएको छ । अबको १५ दिनभित्र पनि माग पूरा नभएमा आन्दोलनमा जाने र आन्दोलनको कार्यक्रम पछि सार्वजनिक गर्ने इप्पानले बताएको छ । सँगसँगै नेटवर्थलाई लिएर आईपीओ अनुमति आवेदकको सूचीबाट हटाइएका आयोजनाका प्रवर्द्धकले बोर्ड अध्यक्ष सन्तोषनारायण श्रेष्ठविरुद्ध मुद्दा दायर गर्ने इप्पानको भनाइ छ । । शेयर निष्कासन गर्न नपाउँदा कम्पनीहरुले बेहोर्नुपरेको क्षतिको क्षतिपूर्ति माग गर्दै धितोपत्र बोर्ड अध्यक्षविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी दर्ता गर्ने इप्पानको भनाइ छ । त्यसअघि अन्तिमपल्ट प्रधानमन्त्री, अर्थमन्त्री, ऊर्जामन्त्री र धितोपत्र बोर्डका अध्यक्षलाई तत्काल शेयर निष्कासन अनुमति प्रक्रिया अघि बढाउन पुनः औपचारिक ध्यानाकर्षण गराउने उसको भनाइ छ ।

### कमिशन मागेको दाबी

इप्पानका उपमहासचिव प्रकाशचन्द्र दुलालले धितोपत्र बोर्डका अध्यक्षमाथि आईपीओ अनुमति कुरिरहेका जलविद्युत् कम्पनीहरूसँग कमिसन मागेको आरोप दोहोर्‍याउँदै उनलाई तत्काल बर्खास्त गर्न सरकारसँग माग गरे । बोर्ड अध्यक्षले आफ्ना प्रतिनिधि र एजेन्टमार्फत कम्पनीहरूबाट कमिशन माग्ने गरेको र आईपीओ अनुमति रोकेर व्यवसायीलाई दबाब दिने काम गरेको दुलालको दाबी छ ।

'निजीक्षेत्रबाट पैसा मागिएको तथ्य हामीले मिडिया र सम्बद्ध निकायहरूमा प्रस्तुत गरिसक्यौं, तर अहिलेसम्म कुनै कारबाही भएको छैन,' उनले भने । 'यदि यो सरकार साँच्चै नै भ्रष्टाचारविरोधी हो भने यस्ता कर्मचारीलाई तत्काल बर्खास्त गर्नुपर्छ, उनीहरूबाट सुशासन सम्भव छैन ।' सरकारले कारबाही गरेन भने बोर्डको कार्यालयमा तालाबन्दी गर्ने बाध्यतामा उद्यमी पुग्ने पनि उनले बताए ।

**धितोपत्र बोर्ड कर्मचारी आन्दोलनको प्रभाव**

## डेढ महीनादेखि सार्वजनिक निष्कासन स्वीकृति ठप्प

**प्रजिता बुढाथोकी**

काठमाडौं

नेपाल धितोपत्र बोर्डका कर्मचारी आन्दोलनमा उत्रिएर कामकाज ठप्प पारेसँगै भदौ १७ गतेपछि धितोपत्रहरूको सार्वजनिक निष्कासन स्वीकृति प्रक्रिया ठप्प छ । बोर्डले पछिल्लोपटक भदौ १७ गते एसवाई प्यानल नेपाल लिमिटेडलाई प्रारम्भिक सार्वजनिक निष्कासन (आईपीओ) अनुमति दिएको थियो । त्यसपछि कुनै पनि प्रकारको सार्वजनिक निष्कासनका लागि बोर्डले अनुमति दिएको छैन । खाइपाई आएको सुविधा कटौती गरिएको भन्दै विरोधमा उत्रिएका बोर्डका कर्मचारीले असोज ७ गतेदेखि शुरू गरेको आन्दोलन जारी छ ।

भदौ ३१ गते अर्थ मन्त्रालयको राजस्व सचिवस्तरीय बैठकले प्रचलित कानूनविपरीत बनेका कार्यविधिका आधारमा विगतमा कोषबाट भुक्तानी भएका रकम सम्बद्ध व्यक्तिबाट सरकारी बाँकीसरह असुलउपर गर्ने निर्णय गरेको थियो । उक्त निर्णय कार्यान्वयनका लागि अर्थ मन्त्रालयले बोर्डमा असोज २ गते पत्र पठाएसँगै बोर्डका कर्मचारी आन्दोलित बनेका हुन् ।

कर्मचारीले पेन डाउन गरी आन्दोलन गरेका कारण सार्वजनिक निष्कासन स्वीकृतिका कामसँगै प्रशासनिक कुनै पनि काम नभएको बोर्डका एक उच्च अधिकारीले जानकारी दिए ।

आइतवार कर्मचारी आन्दोलनबीच बोर्ड सञ्चालक समितिको बैठक बसी पूँजी बजार सुधार कार्यदलले दिएको सुझाव कार्यान्वयन गर्ने निर्णय गरे पनि सार्वजनिक निष्कासन स्वीकृतिका लागि कुनै पनि निर्णय नभएको ती अधिकारीले जानकारी दिए ।

सार्वजनिक निष्कासन स्वीकृति प्रक्रियाका लागि विभिन्न विभागले काम गर्नुपर्ने भएकाले कर्मचारी आन्दोलनका कारण काम हुन नसक्दा सञ्चालक समितिले निर्णय गर्न नसकेको ती अधिकारीले बताए । तत्काल कर्मचारीको माग सम्बोधन हुने सम्भावना कम रहेकाले केही समय अझै सार्वजनिक निष्कासन स्वीकृति प्रक्रिया ठप्प रहने उनले अनुमान गरे ।

**धितोपत्र बोर्डमा अनुमति पर्खाइको अवस्था :**

| विवरण | कित्ता | रकम रू. करोड |
|---|---|---|
| आईपीओ | ३७४,५२०,३३५ | ५,४१५.३१ |
| हकप्रद शेयर | ५७,०३२,८३४.४४ | ५७०.३२ |
| म्युचुअल फन्ड | ९३०,०००,००० | ९३०.०० |
| ऋणपत्र | ११,२६०,००० | १,१२६.०० |
| एफपीओ | २,२८६,७०० | २२.८६ |
| कुल | १,३७५,०९९,८६९ | ८,०६४.५१ |

*स्रोत : नेपाल धितोपत्र बोर्ड*

#### ८० अर्ब ६४ करोडभन्दा बढीको धितोपत्र निष्कासन अनुमति माग

नेपाल धितोपत्र बोर्डमा हालसम्म ८० अर्ब ६४ करोड ५१ लाख रुपैयाँभन्दा बढीको धितोपत्र निष्कासनको लागि स्वीकृति माग भएको देखिन्छ । सबैभन्दा धेरै ५४ अर्ब १५ करोड ३१ लाख रुपैयाँभन्दा बढीको आईपीओ स्वीकृति आवेदन पाइपलाइनमा छ । आईपीओ स्वीकृतिका लागि ७५ ओटा कम्पनीले आवेदन दिएको बोर्डको तथ्यांकले देखाउँछ ।

» बाँकी पृष्ठ ५ मा